# सूर्मा गाउँपालिका

## जातिय भेदभाव र छुवाछुत अन्त्य गर्न तथा दलित उत्थान प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७५

गाउँसभामा पेस गरिएको मिति-:२०७५।०३।१०

प्रमाणित गरिएको मिति-:२०७५।०३।१०

सूर्मा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय दौलिचौर, बझाङ्ग ।

प्रदेश नं ७ नेपाल

CamScanner

# जातिय भेदभाव र छुवाछुत अन्त्य गर्न तथा दलित उत्थान प्रवर्द्धन सम्बन्धी कार्यविधि २०७५

प्रमाणिकरण मितिः-२०७५। ।

**प्रस्तावनाः**

नेपालमा कानूनतः छुवाछुत प्रणालीको अन्त्य भइसकेको भएता पनि अन्धविश्वास तथा सामाजिक कुसंस्कारका अवशेष विद्यमान रहेको कारण व्यवहारमा दलित माथि भेदभाव र हिंसाजन्य घटना घटिरहेको अवस्था छ । सामाजिक, सांस्कृतिक तथा राजनीतिक विकास प्रक्रियामा दलित तथा पिडिएका वर्गको सहभागिताले मात्र मुलुकको सर्वाङ्गीण विकास सम्भव छ । सबै किसिमका जातीय भेदभाव उन्मुलन सम्वन्धी अन्तराष्ट्रिय महासन्धि १९६५ ले "कानूनका सामु सबै जातजाति समान हुनेछन्" भन्ने अध्यक्ष अवधाराणालाई आत्मसात गरेको छ । नेपाल सन् १९७१ देखि नै यस अन्तराष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भएको र उक्त महासन्धिको प्रावधानलाई नोपलको संविधान र जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन, २०६८ ले स्वीकार गरेको छ । नेपालको संविधानको धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकलाई मौलिक हकका रुपमा राखी कुनैपनि व्यक्तिलाई निजको उत्पती, जातजाती, समुदाय, पेशा व्यवसाय, शारीरिक अवस्थाको आधारमा निजी तथा सार्वजनिक स्थानमा कुनै प्रकारको भेदभाव गरिने छैन । जातजाती वा छुवाछुतको आधारमा सामाजिक भेदभाव नगरिने व्यवस्था गरेको भएतापनि पूर्व धार्मिक परम्पराले गर्दा पूर्ण रुपमा यसलाई निवारण गर्न सकिएको छैन भने धारा २०५५ मा राष्ट्रिय दलित आयोगको व्यवस्था गरेको छ । राष्ट्रिय दलित आयोग्रबाट पनि विभिन्न किसिमका सुचनाहरु प्रभाव भई राखेको अवस्थामा समाजमा क्रमिक सुधार भई राखेको अवस्था छ ।

सबै किसिमका जातिय भेदभाव उन्मुलन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९६५ ले कानुनका सामु सबै जातजाती समान हुने छन् भन्ने अध्यक्ष अवधारणालाई आत्मसाथ गरेको छ । नेपाल सन् १९७१ देखि नै यस अन्तर्राष्ट्रिय महासन्धिको पथ राष्ट्र हो । नेपालको संविधान र जातिय भेदभाव तथा छुवाछुत कसुर सजाय ऐन २०६८ ले जातिय भेदभावलाई निस्तेज र उन्मुलन गर्ने उद्देश्य लिएको छ । साथै जातिय भेदभाव र छुवाछुत अन्त्य गर्ने र दलित अधिकारको प्रवर्धन गर्न प्रधानमन्त्रिको नेतृत्वमा उच्च स्तरीय समिति गठन भई तत्सम्बन्धी कार्यविधि स्विकृत गरी जारी गरिएको अवस्थामा यस गाउँपालिका भित्र पनि राष्ट्रिय अन्तर्राष्ट्रिय कानूनले निस्तेज गरेको जातिय भेदभाव, छुवाछुतलाई निस्तेज गरी दलित वर्गको उत्थान गर्नका लागि यो कार्यविधि बनाई सशक्तरुपमा अगाडि बढाउनुपर्ने सामाजिक कुप्रथा, कुरिती र



CamScanner

अन्धविश्वासलाई चेतनाका माध्यमबाट हटाई समृद्ध समाज निर्माणमा सबैको समान सहभागिता, सहअस्तित्व स्थापित गर्न वाञ्छनीय भएकोले यो कार्यविधि पारित गरी लागु गरिनेछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** क) यो कार्यविधिको नाम जातिय भेदभाव र छुवाछुत अन्त्य दलित उत्थान प्रवर्धन सम्बन्धी कार्यविधि २०७६ रहेको छ ।

ख) यो कार्यविधि गाउँसभाबाट पारित गरी तुरुन्त प्रारम्भ हुनेछ

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

क) **कार्यक्रम भन्नाले:** जातिय भेदभाव छुवाछुत अन्त्य गर्न दलित उत्थान प्रवर्धन गर्न सञ्चालन हुने कार्यक्रमलाई सम्झनुपर्नेछ ।

ख) **कार्यपालिका भन्नाले:** गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनुपर्दछ ।

ग) **अध्यक्ष भन्नाले:** सूर्मा गाउँपालिका अध्यक्षलाई सम्झनुपर्दछ ।

घ) **उपाध्यक्ष भन्नाले:** सूर्मा गाउँपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

ङ) **प्रमुख प्रशासकीय अधिकृत भन्नाले:** सूर्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

च) **समिति भन्नाले:** गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा गठित समितिलाई सम्झनुपर्दछ ।

छ) **उपसमिति भन्नाले:** वडा अध्यक्षको संयोजकत्वमा वडाहरुमा गठित समितिलाई सम्झनुपर्दछ ।

ज) **कार्यविधि भन्नाले:** जातिय भेदभाव छुवाछुत उन्मुलन गरी दलित वर्गको उत्थान तथा हकहित संरक्षण प्रवर्धन गर्न बनेको कार्यविधिलाई सम्झनु पर्दछ ।

३. **कार्यविधिको उद्देश्य:**

क) जातिय भेदभाव र छुवाछुत अन्त्य गर्नका लागि र दलित उत्थान प्रवर्धनका लागि स्थानीय स्तरमा उपयुक्त संयन्त्र निर्माण गरिनेछ ।

ख) जातीय हिंसा, भेदभाव र छुवाछुतको अन्त्यका लागि सबै क्षेत्र र तहमा जातीय मूलप्रवाहीकरण हुने गरी सम्बद्ध सरोकारवाला सबैको सहभागितामा कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने ।

ग) जातीय भेदभाव र छुवाछुत अन्त्यका लागि हाल सम्म प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै विद्यमान जातीय बिभेद, असमनता र बन्चितीकरण निवारणका लागि ठोस तथा व्यवहारिक कार्यक्रमहरु तय गर्ने ।

घ) कार्ययोजनामा सम्बद्ध निकायहरुको अपनत्व र जिम्मेवारीपना विकास गर्नका लागि यसको निर्माणका चरणहरुदेखि नै सहभागितामूलक विधिको अवलम्बन गर्ने ।दलित उत्थान एवं प्रवर्धनका लागि सशक्तरुपमा कार्यक्रम सञ्चालन गरिनेछ ।

ङ) जातिय भेदभाव छुवाछुत रहित गाउँपालिका घोषणा गर्न चरणवद्ध ढंगले सामाजिक भावना, धार्मिक भावनामा समेत सबैको समानता कायम गर्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

च) समाजमा पिछडिएर रहेका दलित वर्गको उत्थान एवं प्रवर्धन गर्नको लागि गाउँपालिका क्षेत्रभित्र चेतनामुलक, आयमूलक सीपमूलक योजना सञ्चालन गर्ने ।

४. **गाउँपालिकास्तरमा रहने संयन्त्रः जातिय भेदभाव छुवाछुतको अन्त्य गरी दलित उत्थान प्रवर्धन गर्नाका लागि देहायबमोजिमको समिति रहनेछः**

| | |
|---|---|
| क) गाउँपालिका अध्यक्ष | संयोजक |
| ख) गाउँपालिका उपाध्यक्ष | सहसंयोजक |
| ग) शिक्षा ईकाई प्रमुख | सदस्य |
| घ) महिला शाखा हेर्ने प्रतिनिधि | सदस्य |
| ङ) स्वास्थ्य ईकाइ प्रमुख | सदस्य |
| च) कानूनी सल्लाहकार | सदस्य |
| छ) दलितसम्बन्धी क्षेत्रमा काम गर्ने संघसंस्थाका प्रतिनिधि २ जना | सदस्य |
| ज) प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव |

५. **गाउँपालिकास्तरीय समितिको काम, कर्तव्य र अधिकारः गाउँपालिकास्तरीय समितिका काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छन् :**

क) दलितहरुको हक संरक्षण र उत्थान प्रर्वधनका लागि स्थानीय स्तरमा कार्यक्रम सञ्चालन गर्ने कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग सहजिकरण समन्वय तथा अनुगमन गर्ने

ख) दलित उत्थानका लागि स्थानीय स्तरमा प्रचार प्रसार पैरवी गरी चेतनामा सामाजिक भावनाको अभिवृद्धि गर्ने र जातिय भेदभाव छुवाछुतरहित गाउँपालिका निर्माण गर्ने ।

ग) जातिय भेदभाव छुवाछुत अन्त्यका लागि स्थानीय स्तरमा देखा परेका समस्या, वाधा अवरोध निराकरण गर्ने ।

घ) दलितहरुको हकहितको संरक्षण गर्न दलित वर्गको उत्थान प्रवर्धन गर्नका लागि प्रदेश र संघमा कार्यक्रमको जानकारी गराई आवश्यक परे राष्ट्रिय दलित आयोगको सहयोग लिने

ङ) दलितको हकहितका संरक्षण गर्न जातिय भेदभाव छुवाछुत विरुद्ध कानून कार्यान्वयन गर्न न्यायीक समितिलाई छुट्टै डेस्क स्थापना गर्ने व्यवस्था मिलाउने ।

च) जातिय भेदभाव छुवाछुत विरुद्ध कार्यरत सरकारी गैरसरकारी संघसंस्थाहरुको समन्वय नियमित अनुगमन गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाई हकहित संरक्षण गर्ने गराउने ।

छ) जातिय भेदभाव छुवाछुत अन्य गरी दलित वर्गको उत्थानका लागि अन्य कार्यहरु गर्ने ।

६. **सचिवालयः गाउँपालिकास्तरीय समितिको सचिवालय गाउँकार्यपालिकाको कार्यालय रहनेछ । कार्यालयको काम सामाजिक विकास शाखाले गर्नेछ ।**

७. **उपसमित सम्बन्धी व्यवस्था:** जातिय भेदभाव छुवाछुत अन्त्यका लागि दलित उत्थान हक संरक्षण सम्वर्धनका लागि देहायबमोजिमको उपसमिति गठन गर्न सकिनेछ:

८. **उपसमिति गठन:** यस गाउँपालिकाको कार्यक्षेत्र भित्रका सम्पूर्ण वडाहरुमा वडा अध्यक्षको अध्यक्षतामा देहायबमोजिमको वडा उपसमिति गठन गरिनेछ:

| | |
|---|---|
| क) वडा अध्यक्ष | संयोजक |
| ख) वडाभित्रका दलित संस्थाहरुका प्रतिनिधि २ जना | सदस्य |
| ग) सामाजिक क्षेत्रका प्रतिष्ठित व्यक्ति बुद्धिजिवी समाजसेवी मध्ये वडा अध्यक्षले मनोनित गरेको १जना | सदस्य |
| घ) वडा भित्रका विषयगत शाखाका प्रतिनिधि मध्ये एक जना मनोनित | सदस्य |
| ङ) वडा सचिव | सदस्य सचिव |

**वडा उपसमितिको काम, कर्तव्य र अधिकार:**

९. जातिय भेदभाव र छुवाछुत अन्त्य गर्न दलित उत्थान प्रवर्धन गर्न नीतिगत विषयमा गाउँपालिकास्तरीय समितिलाई सल्लाह, सुझाव प्रदान गर्ने ।

क) दलित उत्थान प्रवर्धनका लागि कार्ययोजनाको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

ख) जातिय भेदभाव छुवाछुतको अवस्थाका बारेमा गाउँपालिकासमितिलाई जानकारी गर्ने तत् विषयमा नियमित अनुगमन गर्ने ।

ग) दलित व्यक्तिहरुको वैयत्तिक विकासका लागि सहयोग माग गर्ने ।

घ) समावेशी समानुपातिक प्रतिनिधित्व गर्ने।

ङ) अन्य आवश्यक कार्यहरु गर्ने ।

च) बैठकमा भाग लिने ।

**१०. समितिको बैठक र निर्णय सम्बन्धी व्यवस्था:**

समितिको बैठक र निर्णय देहायबमोजिम हुनेछ:

क) समितिको बैठक संयोजकको आदेशानुसार आवश्यकता अनुसार बस्नेछ ।

ख) समितिको निर्णय सदस्य सचिवद्वारा प्रमाणित गरी कार्यान्वयन गरिनेछ ।

ग) दलित उत्थान हकहित प्रवर्धनका लागि आवस्यक निर्णयहरु गर्न संयोजकबाट प्रस्तावहरु पेस हुनेछन् ।

११. जातिय भेदभाव छुवाछुत अन्त्य तथा दलित उत्थान हकहित प्रवर्धनका लागि कार्यक्रमहरु: सामाजिक रुपले समाजमा रहेको भेदभाव अन्त्य गरी सामाजिक रुपले पिछडिएर रहेका दलित वर्गको उत्थान हकहित, संरक्षण सम्वर्धन गर्न देहायबमोजिम कार्यक्रमहरु सञ्चालन गरिनेछन्:

क) दलित उत्थान तथा हकहित संरक्षणका लागि आयोजना छनौट गर्ने ।

ख) जातिय भेदभाव छुवाछुतलाई निस्तेज गर्न चेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

ग) दलितहरुको लगत कायम राख्ने ।



CamScanner

घ) पिछडिएका दलित वर्गको लागि लक्षित कार्यक्रम सञ्चालन गर्ने ।

ङ) समावेशी समान सहभागिता कायम गर्ने ।

च) सीपमूलक, आयमूलक, रोजगारमूलक, चेतनामूलक अन्य कार्यहरु गर्ने ।

१२. **कोष सम्बन्धी व्यवस्था:** कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेटको व्यवस्था गाउँसभाले गर्नेछ । सो बजेट समितिले आफ्नो छुट्टै खातामा राखी कार्यक्रम सञ्चालन गर्नेछ ।

१३. **व्याख्या गर्ने अधिकार:** कार्यविधिमा उल्लेखित कुनै विषयमा अन्यौल उत्पन्न भएमा सोको व्याख्या गर्ने अधिकार समितिलाई हुनेछ । गाउँपालिका समितिले गरेको निर्णय अन्तिम हुनेछ ।

१४. **कार्यविधि परिमार्जन तथा संशोधन:** यस कार्यविधि कार्यन्वयनमा कुनै समस्या देखिएमा कार्यपालिकाले आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

१५. **कार्यक्रम सञ्चालन:** यस कार्यविधिभित्र रही दलित उत्थान हकहित संरक्षण गर्न तथा जातिय भेदभाव छुवाछुतलाई निस्तेज गर्न स्थानीय सो क्षेत्रमा कार्यरत गैर सरकारी संघसंस्थाबाट प्रस्ताव आह्वान गर्न सकिनेछ । प्रस्तावको विवरण अनुसार कार्यक्रम सञ्चालन गराउन लगाईनेछ ।

१६. प्रस्तावको स्वीकृती: कार्यक्रम सञ्चालनको प्रस्तावको आह्वान भई सूचना प्रकाशित भई प्रस्ताव पेस हुन आएमा स्वीकृति गर्ने अधिकार गाउँपालिकास्तरीय समितिको हुनेछ ।

१७. **बाधा अड्काउ फुकाउने अधिकार:** कार्यविधिमा उल्लेखित कुनै विषयमा कार्यक्रम कार्यान्वयनमा कुनै समस्या उत्पन्न भएमा बाधा अड्काउ परेमा बाधा अड्काउ फुकाउने अधिकार समितिलाई हुनेछ ।

१८. निर्देशन दिन सक्ने: यस कार्यविधिमा उल्लेखित कार्यक्रमहरु सञ्चालनका लागि कार्यान्वयन गर्न गराउनका लागि गाउँकार्यपालिकाले आवश्यक निर्देशन दिनसक्नेछ ।